कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

**Train & Multiply®**
Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR ®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

006NP01C01

# पारिवारिक प्रार्थना



## पाष्टरीय तालीम पुस्तिका

## ६

## तालीम र वृद्धि

T&M ®

यस अध्ययनमा परमेश्वरले तपाईलाई अगुवाइ गरुन् भनी प्रार्थना गर्नुहोस् ।

# परिवारिक प्रार्थनाहरु

“परिवारिक प्रार्थना” भन्नाले सारा परिवार मिलेर गरिने आर ाधनाको समय हो । हरेक दिन कुनै एउटा समयमा हुनु अति राम्रो । बिहानको खाजा खाइसके पश्चात (वा अरु कुनै समयमा वा बेलुकी पनि – अनुवादक) । घरको बाबुले नै अगुवाइ गरे पनि सबैलाई सक्रिय सहभागी बनाउने प्रयास गर्दछ । सबैले प्रार्थना गर्ने, बाइबल पढ्ने, पढेको पाठलाई छलफल गर्ने, अनि गाउने काम गराउन सक्छ । यसको निम्ति धेरै लामो समय लिनु पर्दैन ( व्यवस्था ६:४–५, एफिसी ५:२२–६:४ )





# टिप्पणीहरु

© Project WorldReach © SEAN

# टिप्पणीहरु



के तपाईको परिवारमा "परिवारिक प्रार्थना" हुन्छ ?

☐ ज्यू, हुन्छ ।

☐ अहँ, हुँदैन । तर हामी अब शुरु गर्नेछौं ।

परिवारिक प्रार्थनाले हाम्रो व्यक्तिगत आराधनाको समयलाई ओगट्नु हुँदैन । परमेश्वरको हरेक बालकले आफ्नो स्वर्गीय पितासंग व्यक्तिगत रुपमा प्रार्थना गर्नुपर्छ ।



परमेश्वरको वचन पढ्न र प्रार्थना गर्न के तपाईको दैनिक आरधनाको समय छुट्याउनुभएको छ ?

☐ ज्यू, छुट्याएको छु ।

☐ अहँ, छैन । तर अब शुरु गर्नेछु ।

परिवारिक प्रार्थनाले मण्डली सेवाको स्थान चाहिँ ओगट्नु हुँदैन ।

© Project WorldReach © SEAN 

# प्रार्थनाको निम्ति चारवटा समयहरु –

- हामी गुप्तमा एकलै प्रार्थना गर्दछौ. ।



- परिवार मिलेर प्रार्थना गर्दछौं ।



- झुण्डमा आराधनाको समयमा विश्वासीहरु मिलेर प्रार्थना गर्दछन् ।



- हामी लगातर परमेश्वरसंग सम्पर्कित हुन्छौं (१ थिस्सलोनिकी ५:१७) । उदाहरणको लागि, खाना खानु अघि अथवा केही पायौं भने हामी परमेश्वरलाई धन्यवाद दिन्छौं ।



- पारिवारिक प्रार्थनाको बेला हामीले गर्न सकिने तीन वा चार कुराहरु लेख्नोस् ।

________________________________

________________________________

________________________________

## अभ्यासको काम

- उत्पत्ति १८:१९ कन्ठस्थ गर्नोस्
- हरेक दिन पारिवारिक प्रार्थना गर्नोस्
- तपाईको मण्डलीका सदस्यहरुको घरको मुख्य व्यक्तिलाई यसै गर्न सिकाउनोस्

© Project WorldReach © SEAN

अरु सल्लाहहरु : हरेक दिन अलि अलि गर्दै कुनै एक सुसमाचारको पुस्तक शुरुदेखि अन्तसम्म अध्ययन गर्नुहोस् । त्यस्तै गरी भजन, हितोपदेश, अनि प्रेरितका कर्महरुको पुस्तकहरु अध्ययन गर्नुहोस् ।

## सारांश जाँच

- पारिवारिक प्रार्थनाको निम्ति को जिम्मेवारी छन् ?

________________________________________

- हामीले हाम्रा नानीहरुलाई कसरी प्रार्थना गर्न सिकाउन सक्छौं ?

________________________________________

- किन पारिवारिक प्रार्थना अति मुख्य छ ?

________________________________________






- उहाँका आशिषहरुको निम्ति परमेश्वरलाई धन्यवाद भन ।
- भजन र स्तुतिका गीतहरुद्वारा उहाँको प्रशंसा गर ।
- उहाँको क्षमादानको निम्ति उहाँमा भरोसा गर, आज दिनभरको पापको निम्ति पनि । यसो गर्दा तिमी स्वतन्त्र बन्दछौं । तिमीले प्रेम गरिएको र स्वीकारिएको अनुभव गर्नेछौ अनि परिवर्तनको लागि उहाँको सहायता माग्न हिच्किचाउने छैनौ । पवित्र आत्माको शक्तिले भरिरहनको निम्ति प्रार्थना गर ।
- तिम्रा साथीहरुको निम्ति प्रार्थना गर । आफ्नो देश र शासकहरुको निम्ति प्रार्थना गर । ( १ तिमोथी २:१,२ ) । ण्ण्ट(ण्द्दज्ञ
- येशूको निम्ति जिउनलाई, पवित्र आत्माको अभिषेक र शक्तिको निम्ति प्रार्थना गर ।
- मण्डली र मण्डलीको पाष्टरहरुको निम्ति प्रार्थना गर ।

माथिका विषयहरुमध्ये कुन चाहिंलाई तपाईले पारिवारिक प्रार्थनामा जोड दिनुहुन्छ ? तपाईका योजनाहरु हेर्नोस् ।

________________________________________

© Project WorldReach © SEAN

# हाम्रा नानीहरु अनि पारिवारिक प्रार्थना

नानीहरुले प्रार्थनामा भाग लिनुपर्छ। यसले उनीहरुको विश्‍वासलाई बलियो पार्छ, जसको फलस्वरुप उनीहरुले जीवनभर प्रभु येशू ख्रीष्टलाई पछ्याउनेछन्। यदि हामीले प्रार्थनालाई लापरवाही गर्‍यौं भने, हाम्रा नानीहरुले यस्ता नराम्रो उदाहरणलाई छिटै अनुकरण गर्नेछन्। एफिसी ६:४ ले भन्छ – *"बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ।"*

नानीहरुलाई असल इसाईको रुपमा हुर्काउने जिम्मेवारी कसको हो?

- ☐ उनीहरुको स्कूलको
- ☐ मण्डलीको अथवा धाइ माता–पिताको
- ☐ उनीहरुको आफ्नै आमाबाबुको

बाबुआमाले पारिवारिक प्रार्थनामा अगुवाइ गर्नुपर्छ, अनि सबै नानीहरुले भाग लिनैपर्छ। हामीहरुको आफ्नै उदाहरणद्वारा हामी हाम्रा नानीहरुलाई प्रार्थना गर्न सिकाउँछौं, अनि उनीहरुको वास्तामा परेका विषयहरु (उनीहरुको साथीहरु,



| | |
|---|---|
| ☐ येशूको बप्तिस्मा | (मर्कूस १:१-११) |
| ☐ येशूको परीक्षा | (मत्ती ४:१-११) |
| ☐ येशू समुद्रमाथि हिँड्नु हुन्छ | (मत्ती १४:२२-३३) |
| ☐ मन्दिरलाई शुद्ध पारिएको | (मत्ती २१:१२-१६) |
| ☐ पुनरुत्थान | (मत्ती २८:१-१०) |
| ☐ महान आज्ञा | (मत्ती २८:१८-२०) |
| ☐ अन्धा मानिस | (यूहन्ना ९) |
| ☐ असल सामारी | (लूका १०:२५-३७) |
| ☐ उडाऊ पुत्र | (लूका १५:११-३२) |
| ☐ धनी मानिस र लाजरस | (लूका १६:१९-३१) |
| ☐ पाँच हजारलाई खुवाउनु भएको | (यूहन्ना ६:१-१५) |
| ☐ शाऊलको परिवर्तन | (प्रेरित ९:१-१९) |

© Project WorldReach © SEAN

- ☐ दाऊद र गोल्यत (१ शमूयल १७)
- ☐ एलिशा र बाल देउताका अगमवक्ताहरु (१ राजा १८:२०-४०)
- ☐ एलिशा र नामान (२ राजा ५:१-१४)
- ☐ शिबाकी रानी (२ इतिहास ९:१-१२)
- ☐ राजा योशियाह (२ इतिहास ३४)
- ☐ एज्रा र व्यवस्था (निहेम्याह निहेम्याह ८:१-१२)
- ☐ परमप्रभु मेरो गोठाला हुनुहुन्छ (भजन २३)
- ☐ प्रशंसाका भजनहरु (भजन १५०)
- ☐ दनदनी आगो बलेको भट्टी (दानिएल ३)
- ☐ दानिएल र सिंहहरु (दानिएल ६)
- ☐ येशूको जन्म (लूका २:१-२०)
- ☐ ज्ञानी मानिसहरुले दर्शन गरेको (मत्ती २:१-१२)



स्कूलका विषयहरु, इत्यादि) को निम्ति प्रार्थना गर्न उत्साहित गर्नसक्छौं । पारिवारिक प्रार्थना एउटा बोझ होइन, तर खुशीसाथ संगै मिलेर रहने एउटा रमाइलो समय हो भन्ने कुरा नानीहरुलाई महसूस गराउनु पर्छ ।

के तपाईले आफ्ना नानीहरुलाई प्रार्थना गर्न सिकाउनु भयो ?

____________

के तपाई उनीहरुसंग प्रार्थना गर्नुहुन्छ ?

____________

## पारिवारिक प्रार्थना कसरी गर्ने ?

पारिवारिक प्रार्थना गर्ने एउटा तरिका यहाँ प्रस्तुत गरिन्छ ।

- तपाईहरु सबैले बाइबल बुझ्नको लागि पवित्र आत्माको सहायता माग्नोस् ।

- तपाईले छान्नुभएको बाइबलका पदहरु पढ्नोस् । पढन सक्ने नानीहरु लगायत हरेकले पदहरु पढ्नसक्छ ।

- पढिएको अंशबारे छलफल गर्नोस् । तपाईले यसरी सोध्न सक्नुहुन्छ, "कुन पद तपाईलाई अति मन पऱ्यो?" अथवा "परमेश्वरले हामीलाई यहाँ के सिकाउँदै हुनुहुन्छ?" यसरी सम्पूर्ण परिवार सहभागी हुनसक्छन् । तपाईले "प्रवचन" दिनै पर्छ भन्ने छैन ।

- हरेकले प्रार्थना गर्नुपर्छ ।

- स्तुतिका भजनहरु गाउनुपर्छ ।

नानीहरुले बाइबलका सबै कुराहरु बुझ्न सक्तैनन् । नानीहरुको लागि तलका घटनाहरु पढिदिनु सुहाउँदिलो हुन्छ । उनीहरुको लागि एक पछि अर्को पढ्दै गए पछि उपयुक्त कोठामा दाग लाउनोस् ।



# नानीहरुको लागि बाइबल अध्ययन

- ☐ सृष्टि (उत्पत्ति १)
- ☐ आदम र हवा (उत्पत्ति ३)
- ☐ नोआ (उत्पत्ति ६:५–२२)
- ☐ अब्राहाम र इसहाक (उत्पत्ति २२:१–१८)
- ☐ यूसूफको सपना (उत्पत्ति २८:१०–२२)
- ☐ मोशाको बोलावट (प्रस्थान ३:१–१५)
- ☐ लाल समुद्र तरेको (प्रस्थान १४)
- ☐ दस आज्ञाहरु (प्रस्थान २०:१–२१ )
- ☐ यहोशूले यरीहो कब्जा गरेको (यहोशू ६)

© Project WorldReach © SEAN 